# नवीकरणीय ऊर्जा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना** : नवीकरणीय ऊर्जाको पहुँच नपुगेको वा अप्रर्याप्त भएका स्थान, पछाडि परेको क्षेत्र एवं समुदायमा सर्वसुलभ, गुणस्तरीय, किफायती एवं दिगो ऊर्जाको पहुँच वृद्धि गरी जनताको जीवनस्तरमा सुधार ल्याउन, तथा वातावरण संरक्षणमा योगदान पुर्याउन नवीकरणीय ऊर्जाको प्रवर्द्धन, विकास, विस्तार र प्रयोग गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले;

संघीय संसदले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "नवीकरणीय ऊर्जा ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकतीसौं दिनदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा;

(क) "इजाजतपत्र" भन्नाले नवीकरणीय ऊर्जा प्रविधि सम्बन्धी कारोवार गर्नको लागि दफा १० बमोजिम दिइने इजाजतपत्र सम्झनुपर्छ ।

(ख) "क्याप्टिभ ऊर्जा आयोजना" भन्नाले कुनै पनि व्यक्ति वा उद्योग वा व्यवसाय वा संगठित संस्थाले आफ्नै उपयोगका लागि वा राष्ट्रिय ग्रिडमा ऊर्जा समेत समाहित गर्न वा आफुले उत्पादन गरेको ऊर्जाको कम्तीमा एकाउन्न प्रतिशत आफैले उपयोग गर्ने गरी निर्माण/जडान गरिएको नवीकरणीय ऊर्जा आयोजना सम्झनुपर्छ । सो शब्दले रुफटप ऊर्जा आयोजना समेतलाई जनाउँछ ।

(ग) "कर्मचारी" भन्नाले केन्द्रको कर्मचारी सम्झनुपर्छ ।

(घ) "कार्यकारी निर्देशक" भन्नाले दफा २० बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनुपर्छ ।

(ङ) "केन्द्र" भन्नाले दफा ६ बमोजिमको नवीकरणीय ऊर्जा केन्द्र सम्झनुपर्छ ।

(च) "कोष" भन्नाले ऐनको दफा २६ बमोजिमको कोष सम्झनुपर्छ ।

(छ)“खाना पकाउने स्वच्छ ऊर्जा” भन्नाले  नवीकरणीय ऊर्जामा आधारित खाना पकाउन प्रयोग गरिने ऊर्जा सम्झनुपर्छ ।

(ज) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(झ) “नवीकरणीय ऊर्जा” भन्नाले सौर्य, वायु, जैविक, वायोजेनिक ग्यास, हरित हाइड्रोजन, भूतापीय, गुरुत्वबल, चुम्बकीय प्रविधि तथा जलस्रोत वा अन्य नवीकरणीय ऊर्जाबाट उत्पादित ऊर्जा सम्झनु पर्छ र सो शब्दले खाना पकाउने स्वच्छ ऊर्जा समेतलाई जनाउँछ ।

(ञ) “नेट मिटरिङ्ग” भन्नाले निश्चित अवधिभित्र कुनै व्यक्ति वा संस्थाले अर्को व्यक्ति वा संस्थालाई दिएको विद्युतको परिमाण र सोही व्यक्ति वा संस्थाबाट लिएको विद्युतको परिमाणको फरक सम्झनुपर्छ ।

(ट) “मन्त्रालय” भन्नाले नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय सम्झनुपर्छ।

(ठ) “मिनीग्रिड” भन्नाले निश्चित भौगोलिक क्षेत्रमा विद्युत सेवा आपूर्ति गर्ने प्रयोजनको लागि निर्माण गरिएको विद्युत प्रसारण वा वितरण सम्बन्धी स्थानीय प्रणाली सम्झनुपर्छ ।

(ड) “लक्षित कार्यक्रम” भन्नाले आधुनिक ऊर्जाको पहुँच नपुगेको, अपर्याप्त भएको वा पछाडि परेको क्षेत्र वा समुदायसम्म ऊर्जाको पहुँच पुऱ्याउन सञ्चालन गरिने कार्यक्रम सम्झनुपर्छ ।

(ढ) “विशेष कार्यक्रम” भन्नाले केन्द्रले नवीकरणीय ऊर्जाको पहुँच र गुणस्तरीय सेवा विस्तार गर्न तथा उपयोग वृद्धि गर्न प्रदेश सरकार र स्थानीय तहसँगको सहकार्यमा सञ्चालन गर्न सक्ने कार्यक्रम सम्झनुपर्छ ।

(ण) “वैकल्पिक ऊर्जा” वैकल्पिक ऊर्जा भन्नाले परम्परागत ऊर्जा स्रोतको विकल्पमा प्रयोग हुने साना क्षमताका घरायसी तथा सामुदायिक नवीकरणीय ऊर्जा प्रविधिहरुलाई जनाउँदछ ।

(त) “स्थानीय तह” भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनुपर्छ  र सो शब्दले जिल्ला सभालाई समेत जनाउँछ ।

(थ) “सदस्य” भन्नाले सञ्चालक समितिको सदस्य सम्झनु पर्छ । सो शब्दले सञ्चालक समितिको अध्यक्ष, उपाध्यक्ष र सदस्य-सचिवलाई समेत जनाउँछ ।

(द) “समिति” भन्नाले दफा ११ बमोजिमको सञ्चालक समिति सम्झनुपर्छ।

## परिच्छेद-२

## नवीकरणीय ऊर्जाको विकास र उपयोग

३. नवीकरणीय ऊर्जाको विकास र उपयोग : (१) नवीकरणीय ऊर्जाको विकास र उपयोगमा पहुँच पुऱ्याउने जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको हुनेछ ।

(२) उपदफा (१) बमोजिमको जिम्मेवारी निर्वाहको लागि नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले आपसमा सहकार्य र समन्वय गर्नेछन्।

(३) नवीकरणीय ऊर्जाको विकास र विस्तारका लागि नेपाल सरकारले आवश्यकता र औचित्यको आधारमा केन्द्र मार्फत आर्थिक तथा प्राविधिक सहयोग उपलव्ध गराउन सक्नेछ ।

(४) नवीकरणीय ऊर्जाको विकास, विस्तार र प्रयोगमा पहुँच सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४. प्रदेश सरकार तथा स्थानीय तहको अधिकारः (१) प्रचलित संघीय कानूनको अधीनमा रही प्रदेश सरकार तथा संघीय कानून र प्रदेश कानूनको अधिनमा रही स्थानीय तहलाई तोकिए बमोजिम आ-आफ्नो क्षेत्रमा वैकल्पिक तथा नवीकरणीय ऊर्जाको विकास, विस्तार र उपयोग गर्ने अधिकार हुनेछ ।

(२) प्रदेश तथा स्थानीय स्तरमा वैकल्पिक तथा साना नवीकरणीय ऊर्जाको विकास, विस्तार र उपयोग गर्ने कार्यमा केन्द्रले दफा १७ बमोजिम आवश्यक आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

५. अनुमतिपत्र लिनुपर्ने : (१) यस ऐन बमोजिम नवीकरणीय ऊर्जाको स्रोतबाट विद्युत उत्पादन, प्रसारण वा वितरण गर्न प्रचलित कानून बमोजिम अनुमतिपत्र लिनुपर्नेछ ।

(२) यस ऐन बमोजिम केन्द्रको आर्थिक तथा प्राविधिक सहायता लिने प्रयोजनका लागि नवीकरणीय ऊर्जा सम्बन्धी कार्य गर्ने कुनै व्यक्ति वा संस्थाले उपदफा (१) बमोजिम अनुमतिपत्र लिनु अघि केन्द्रको सिफारिस लिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम सिफारिस सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) वायोग्यासलाई पाइपलाइनको माध्यमबाट वा सिलिन्डरमा भरी वितरण गर्ने आयोजना गर्ने व्यवसायीले केन्द्रबाट अनुमतिपत्र लिनुपर्नेछ । यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-३

## केन्द्रको स्थापना तथा काम, कर्तव्य र अधिकार

६. केन्द्रको स्थापना : (१) नवीकरणीय ऊर्जाको प्रवर्द्धन, विकास, विस्तार र प्रयोग गरी आधुनिक ऊर्जाको पहुँचमा वृद्धि गर्न नवीकरणीय ऊर्जा केन्द्रको स्थापना गरिनेछ ।

(२) केन्द्रको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र केन्द्रले आवश्यकता अनुसार समितिको स्वीकृती लिई शाखा वा सम्पर्क कार्यालय विस्तार गर्न सक्नेछ।

७. केन्द्र स्वशासित र संगठित संस्था हुने : (१) केन्द्र अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ।

(२) केन्द्रको काम कारबाहीको लागि आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) केन्द्रले व्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्न, उपयोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) केन्द्रले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न सक्नेछ र केन्द्र उपर पनि नालिस उजूर लाग्न सक्नेछ ।

(५) केन्द्रले व्यक्ति सरह करार गर्न, करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ।

८. <u>केन्द्रको काम, कर्तव्य र अधिकार</u> : (१) यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त नवीकरणीय ऊर्जाको प्रवर्द्धन, विकास, विस्तार र प्रयोगको लागि केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आवश्यक नीति तर्जुमा गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ख) योजना तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गर्ने,गराउने,

(ग) प्रदेश सरकार र स्थानीय तहलाई नीति तथा योजना तर्जुमा र क्षमता अभिवृद्धिमा आवश्यक प्राविधिक तथा आर्थिक सहयोग गर्ने,

(घ) प्रदेश सरकार र स्थानीय तहसँग समन्वय र सहकार्य गरी नवीकरणीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन र विस्तार गर्ने,

(ङ) ऊर्जा सम्मिश्रण (इनर्जी मिक्स) को राष्ट्रिय लक्ष्य प्राप्तिमा सघाउ पुऱ्याउने आयोजना तथा कार्यक्रम तयार गरी कार्यान्वयन गर्न आवश्यक सहयोग गर्ने,

(च) नवीकरणीय ऊर्जा सम्बन्धी नवीन प्रविधिको विकास, प्रयोग र परीक्षण गर्ने, गराउने र सो को प्रवर्द्धन कार्यमा सहयोग गर्ने,

(छ) नवीकरणीय ऊर्जाको उत्पादन, किफायती प्रयोग र संरक्षणका लागि आवश्यक उपायहरु अवलम्बन गर्न जनचेतना अभिवृद्धि गर्ने एवं ऊर्जा दक्ष प्रविधि तथा उपकरणको प्रयोग गर्न प्रोत्साहन र सहयोग गर्ने,

(ज) नवीकरणीय ऊर्जासँग सम्बन्धित विषयमा अध्ययन अनुसन्धानको लागि विश्वविद्यालय, अनुसन्धान केन्द्र र निजी क्षेत्रसँग आवश्यक सहकार्य गर्ने तथा अध्ययन अनुसन्धानलाई प्रोत्साहन गर्ने,

(झ) नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा व्यक्त गरेका नवीकरणीय ऊर्जासँग सम्बन्धित प्रतिबद्धता कार्यान्वयन गर्न नेपाल सरकारलाई आवश्यक सहयोग गर्ने,

(ञ) नवीकरणीय ऊर्जाको विकास तथा विस्तार गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ, संस्था वा निकायसँग समन्वय र सहकार्य गर्ने,

(ट) नवीकरणीय ऊर्जाको विकास तथा विस्तार गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहायता प्राप्त गर्ने तथा परिचालन गर्ने,

(ठ) नवीकरणीय ऊर्जाको क्षेत्रमा कार्यरत जनशक्तिलाई आवश्यक तालिम प्रदान गर्ने तथा सरोकारवालाहरुलाई आवश्यक परामर्श तथा प्राविधिक सेवा उपलब्ध गराउने,

(ड) नवीकरणीय ऊर्जासँग सम्बन्धित प्रविधिको विकासका लागि स्रोत पहिचान, नक्साङ्कन, राष्ट्रियस्तरको सूचना तथा तथ्याङ्क सङ्कलन, विश्लेषण र अभिलेख राख्ने,

(ढ) नवीकरणीय ऊर्जा प्रविधिको विकास, विस्तार र प्रयोगको लागि सार्वजनिक तथा निजी क्षेत्रसँग सहकार्य तथा साझेदारी गर्ने एवं आवश्यक वित्तीय स्रोत परिचालन गर्न सहयोग गर्ने,

(ण) नवीकरणीय ऊर्जा विकास कार्यक्रममा निजी क्षेत्रको क्षमता अभिवृद्धि एवं लगानी आकर्षित गर्न आवश्यक कार्य गर्ने,

(त) कार्बन उत्सर्जन न्यूनीकरण तथा जलवायु अनुकूलन सम्बन्धी आयोजनाको विकास तथा कार्यान्वयन गरी कार्बन व्यापार वृद्धिमा भूमिका निर्वाह गर्ने,

(थ) नवीकरणीय ऊर्जासँग सम्बन्धित जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरण आयोजना तर्जुमा तथा कार्यान्वयन गर्ने, गराउने,

(द) नवीकरणीय ऊर्जाको प्रयोगबाट विशेष गरी महिलाको कार्यबोझ कम गर्दै लैंगिक समता तथा सामाजिक समावेशीकरणलाई मूलप्रवाहीकरण गर्ने प्रकृतिका कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने,

(ध) नवीकरणीय ऊर्जाको प्रयोग र त्यसको उपलब्धिका विषयमा आवधिक रूपमा अनुगमन तथा मूल्याङ्कन गर्ने,

(न) नवीकरणीय ऊर्जाको क्षेत्रमा विशिष्टता केन्द्र (सेन्टर अफ एक्सलेन्स) को रुपमा काम गर्ने,

(ऩ) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

(२) केन्द्रले उपदफा (१) बमोजिमका कार्यहरु सम्पादन गर्दा आवश्यकता अनुसार प्रदेश सरकार र स्थानीय तहसँग आवश्यक समन्वय र परामर्श गर्नेछ ।

९. **प्रयोगशालाको स्थापना र सञ्चालन** : (१) केन्द्रले नवीकरणीय ऊर्जासँग सम्बन्धित प्रविधि तथा उपकरणहरुको गुणस्तर निर्धारण तथा मापनका लागि राष्ट्रिय प्रयोगशालाको स्थापना र सवलीकरण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रविधि तथा उपकरणहरुको गुणस्तर निर्धारण तथा मापन गर्दा केन्द्रले सम्वन्धित व्यक्ति तथा संस्थावाट तोकिए बमोजिम शुल्क लिन सक्नेछ । प्रमाणपत्रको मान्यता राष्ट्रिय स्तरको ।

(३) उपदफा (१) बमोजिम स्थापित प्रयोगशालाको व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०. **इजाजतपत्र सम्बन्धी व्यवस्थाः** (१) केन्द्रको सहयोगमा सञ्चालन हुने नवीकरणीय ऊर्जा प्रविधि सम्बन्धी कारोवार गर्ने गरी स्थापित व्यवसायीलाई केन्द्रले तोकिए बमोजिम इजाजतपत्र जारी गर्नेछ।

(२) यस ऐन बमोजिम इजाजतपत्र प्राप्त नगरी नवीकरणीय ऊर्जा प्रविधि सम्बन्धी सार्वजनिक खरिद प्रक्रियामा सहभागी गर्नु गराउनु हुदैन।

(३) केन्द्रको सहयोगमा सञ्चालन हुने नवीकरणीय ऊर्जा प्रविधि सम्बन्धी कारोवार गर्ने चाहने व्यवसायीले तोकिए बमोजिमको ढांचामा तोकिए बमोजिमको दस्तुर सहित इजाजतपत्रको लागि केन्द्रमा निवेदन दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम निवेदन प्राप्त भएमा केन्द्रले त्यस्तो निवेदन उपर तोकिए बमोजिम जांचबुझ गरी तोकिए बमोजिमको व्यवसायीको लागि इजाजत दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त इजाजतपत्र उपदफा (८) बमोजिम खारेज भएको अवस्थामा बाहेक तीन वर्ष सम्म मान्य हुनेछ। इजाजतपत्र जुनसुकै मितिमा प्रदान गरेको भएतापनि तीन वर्षको अन्त्यमा त्यस्तो इजाजतपत्रको अवधि समाप्त हुनेछ।

(६) उपदफा (४) बमोजिम प्राप्त इजाजतपत्र उपदफा (५) बमोजिमको अवधि समाप्त भएका प्रत्येक व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको मितिले तीन महिना भित्र तोकिए बमोजिमको दस्तुर तिरी तोकिए बमोजिम इजाजतपत्र नवीकरण गराउनु पर्नेछ।

(७) उपदफा (६) बमोजिम म्याद नाघेको छ महिना भित्र इजाजतपत्र नवीकरण गराउन चाहने व्यवसायीले तोकिए बमोजिमको थप दस्तुर तिरी तोकिए बमोजिम इजाजतपत्र नवीकरण गराउन सक्नेछ।

(८) देहायको अवस्थमा केन्द्रले व्यवसायीको इजाजत खारेज गर्न सक्नेछः

(क) उपदफा (७) बमोजिमको म्याद भित्र इजाजतपत्र नवीकरण नभएमा,

(ख) झुट्टा विवरण पेश गरी  इजाजतपत्र प्राप्त गरेको ठहरेमा,

(ग) इजाजतपत्रमा उल्लेखित शर्तहरुनामाहरुको पालना नगरेको ठहरेमा,

(घ) गुणस्तरयुक्त कार्य नगरेको ठहरेमा ।

(९) उपदफा (८) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित व्यवसायीलाई स्पष्टिकरण पेश गर्न मनासिब माफीकको मौका दिनुपर्नेछ।

(१०) उपदफा (८) बमोजिम इजाजतपत्र खारेज भएकोमा त्यस्तो जानकारी सम्बन्धित फर्म वा कम्पनी, सम्बन्धित फर्म वा कम्पनी दर्ता गर्ने कार्यालय, सम्बन्धित अन्तरिक राजस्व कार्यालय र सार्वजनिक खरिद अनुगमन कार्यालयलाई दिनुपर्नेछ।

## परिच्छेद-४

## समितिको गठन तथा काम, कर्तव्य र अधिकार

११. <u>सञ्चालक समितिको गठन</u> : (१) नवीकरणीय ऊर्जाको प्रवर्द्धन, विकास र विस्तारको लागि देहाय बमोजिमका सदस्य रहेको एक सञ्चालक समिति रहनेछ :

| | | |
|---|---|---|
| (क) | ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री वा राज्य मन्त्री | अध्यक्ष |
| (ख) | सदस्य, राष्ट्रिय योजना आयोग (ऊर्जा क्षेत्र हेर्ने) | उपाध्यक्ष |
| (ग) | सचिव, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | सदस्य |
| (घ) | सचिव, जल तथा ऊर्जा आयोगको सचिवालय | सदस्य |
| (ङ) | सहसचिव, अर्थ मन्त्रालय | सदस्य |
| (च) | सहसचिव, वन तथा वातावरण मन्त्रालय | सदस्य |
| (छ) | सहसचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | सदस्य |
| (ज) | कार्यकारी निर्देशक, नेपाल विद्युत प्राधिकरण | सदस्य |
| (झ) | नवीकरणीय ऊर्जाको प्रवर्द्धन, विकास तथा विस्तार सम्बन्धी क्षेत्रमा काम गर्ने व्यक्तिहरु मध्येबाट मन्त्रालयले मनोनित गरेको कम्तीमा दुई महिला सहित तीन जना | सदस्य |
| (ञ) | कार्यकारी निर्देशक, नवीकरणीय ऊर्जा केन्द्र | सदस्य-सचिव |

(३) उपदफा (२) को खण्ड (ज) बमोजिम सदस्यको मनोनयन गर्दा नवीकरणीय ऊर्जा क्षेत्रमा कम्तीमा सात वर्ष काम गरेको अनुभव र मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक उपाधि हासिल गरेका व्यक्तिहरु मध्येबाट गर्नुपर्नेछ ।

(४) उपदफा (२) को खण्ड (ज) बमोजिम मनोनित सदस्यको पदावधी चार वर्षको हुनेछ।

(५) उपदफा (४) मा जुनसकै कुरा लेखिएको भए तापनि मनोनित सदस्यले आफ्नो पद बमोजिमको आचरण र जिम्मेवारी पुरा नगरेमा वा केन्द्रको हित विपरीत कुनै कार्य गरेमा मन्त्रालयले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउन अघि निजलाई आफ्नो सफाई पेश गर्न मनासिव माफिकको समय दिनुपर्नेछ ।

(६) समितिले आवश्यकता अनुसार विज्ञ वा संस्थाको प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ।

१२. <u>समितिको काम, कर्तव्य र अधिकार</u> : समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम केन्द्रले गर्नुपर्ने काम कारबाहीको सञ्चालन, रेखदेख तथा प्रबन्ध गर्ने,

(ख) नीति तर्जुमा गरी स्वीकृतिका लागि मन्त्रालय समक्ष सिफारिस गर्ने,

(ग) केन्द्रको वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(घ) केन्द्रले गरेका काम कारवाहीको आवधिक रुपमा प्रतिवेदन लिने र आवश्यक निर्देशन दिने,

(ङ) केन्द्रको काम कारवाहीको अनुगमन र मूल्यांकन गर्ने, गराउने,

(च) नेपाल सरकारलाई नवीकरणीय ऊर्जा सम्बन्धी विषयमा आवश्यक राय सुझाव दिने।

१३. <u>समितिको बैठक :</u> (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) समितिको बैठक कम्तीमा तीन महिनामा एक पटक र अध्यक्षले आवश्यक ठानेमा अन्य समयमा पनि आवश्यकता अनुसार बस्नेछ ।

(३) कम्तीमा पच्चीस प्रतिशत सदस्यले छलफलको विषय सूची सहित बैठक बोलाउन लिखित अनुरोध गरेमा अध्यक्षले सात दिनभित्र समितिको बैठक बोलाउनु पर्नेछ ।

(४) समितिको सदस्य सचिवले समितिको बैठक बस्ने सूचना कार्यसूचि सहित सामान्यतया तीन दिन अगाडि उपलब्ध गराउनु पर्नेछ ।

(५) समिति बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ।

(६) सम्पूर्ण सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ।

(७) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(८) समितिले आवश्यक देखेमा सम्बन्धित क्षेत्रका विज्ञ वा नेपाल सरकारको कुनै अधिकृतलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(९) समितिका सदस्यले समितिको बैठकमा पेश भएको कार्य सूचीमा समावेश भएको कुनै बिषयमा निजको स्वार्थ बाझिने देखिएमा सोको जानकारी अध्यक्षलाई गराई सो बिषयको छलफलमा सहभागी हुनु हुँदैन ।

(१०) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(११) समितिका अध्यक्ष तथा सदस्यको बैठक भत्ता तथा अन्य सुविधा समितिले तोके बमोजिम हुनेछ ।

(१२) उपदफा (२) को खण्ड (ज) बमोजिमका सदस्यलाई तोके बमोजिमको पारवाहन सुविधा दिईनेछ ।

(१३) समितिले गरेको निर्णयहरु समितिको अध्यक्ष र सदस्य सचिवद्धारा प्रमाणित गरिनेछ।

१४. <u>उपसमिति वा कार्यदल गठन गर्नसक्ने</u> : (१) समितिले आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गर्नसक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन भएको उपसमिति वा कार्यदलको काम, कर्तव्य, अधिकार तथा सुविधा समितिले तोकिदिए बमोजिम हुनेछ ।

## परिच्छेद-५

## <u>लक्षित तथा विशेष कार्यक्रम</u>

१५. **<u>लक्षित कार्यक्रम</u>** : (१) आधुनिक ऊर्जाको पहुँच नपुगेको, अपर्याप्त भएको तथा पछाडि परेको क्षेत्र वा समुदाय पहिचान गरी केन्द्रले प्रदेश सरकार तथा स्थानीय तहसँगको सहकार्य र समन्वयमा देहाय बमोजिमका लक्षित कार्यक्रम सञ्चालन गर्नेछ :

(क) मिनीग्रिड तथा अफग्रिड कार्यक्रम,

(ख) व्यापारिक प्रयोजन बाहेकका लागि सञ्चालन हुने जलविद्युत आयोजना,

(ग) क्याप्टिभ ऊर्जा आयोजना जडान सम्बन्धी कार्यक्रम,

(घ) स्वास्थ्य, शिक्षा, पर्यटन, खानेपानी, कृषि तथा पशुपालनका लागि नवीकरणीय ऊर्जा कार्यक्रम,

(ङ) विपद प्रभावित क्षेत्र

(च) फोहरमैला व्यवस्थापनबाट ऊर्जा उत्पादन कार्यक्रम,

(छ) जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन कार्यक्रम,

(ज) तोकिए बमोजिमको अन्य कार्यक्रम ।

(२) उपदफा (१) बमोजिमको लक्षित कार्यक्रमको आवश्यकता र औचित्य सहित प्रदेश सरकारको सम्बन्धित मन्त्रालय वा स्थानीय तहले केन्द्रमा माग गरी पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम माग भई आएमा केन्द्रले लक्षित कार्यक्रमको लागि आवश्यकता, औचित्यता र स्रोतको उपलब्धता समेतको आधारमा प्राविधिक र आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ।

(४) लक्षित कार्यक्रमको स्वीकृति, सोको विकास र सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१६. **<u>विशेष कार्यक्रम</u>** : (१) केन्द्रले नवीकरणीय ऊर्जाको पहुँच नपुगेको, अपर्याप्त भएको र गुणस्तरीय सेवा विस्तार गर्न तथा उपयोग वृद्धि गर्न र खाना पकाउने स्वच्छ ऊर्जाको सेवा विस्तार गर्न प्रदेश सरकार र स्थानीय तहसँगको सहकार्यमा विशेष कार्यक्रम सञ्चालन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विशेष कार्यक्रमको सञ्चालन र कार्यान्वयनको लागि कोषको रकम परिचालन गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिम विशेष कार्यक्रम सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-६

## आर्थिक तथा प्राविधिक सहयोग

१७. **आर्थिक र प्राविधिक सहयोग उपलब्ध गराउने** : (१) केन्द्रले नवीकरणीय ऊर्जाको उत्पादन, विस्तार र प्रयोगको लागि प्रदेश सरकार, स्थानीय तह वा कानून बमोजिम स्थापित निकाय वा संस्था वा व्यक्तिलाई आर्थिक र प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(२) केन्द्रले उपदफा (१) बमोजिम आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउन कोषको रकम प्रयोग तथा परिचालन गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम आर्थिक तथा प्राविधिक सहायता उपलब्ध गराउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१८. **आर्थिक र प्राविधिक सहयोगको प्रतिवेदन र अभिलेख** : (१) दफा १७ बमोजिम आर्थिक र प्राविधिक सहयोग प्राप्त गर्ने प्रदेश सरकार वा स्थानीय तह वा अन्य संस्थाले त्यस्तो सहयोगबाट विकास तथा सञ्चालन भएको आयोजना वा कार्यक्रम, सेवा प्रवाहबाट लाभान्वित जनसंख्या र सो को प्रभाव समेत उल्लेख गरी तोकिएको ढाँचामा केन्द्र समक्ष प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(२) केन्द्रले दफा १७ बमोजिम उपलब्ध गराएको आर्थिक तथा प्राविधिक सहयोग र त्यसबाट सञ्चालन भएको आयोजना वा कार्यक्रम र सोको उपलब्धिको अभिलेख राख्नुपर्नेछ ।

(३) आर्थिक र प्राविधिक सहयोगको प्रगति प्रतिवेदन पेश गर्ने र अभिलेख राख्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१९. <u>नवीकरणीय ऊर्जाका लागि ऋण प्रवाह</u> : (१) समितिले आफुलाई प्राप्त रकमवाट नवीकरणीय ऊर्जा प्रविधिको विकास र विस्तारको लागि यस दफाको अधिनमा रही आफै वा प्रचलित कानून बमोजिम स्थापित संस्था मार्फत ऋण प्रवाह गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रवाह गरिने ऋणको ब्याजदर तोकिएका आधार बमोजिम समितिले निर्धारण गर्नेछ ।

(३) समितिले ऋण प्रवाह गर्न कार्यक्रम र क्षेत्रको छनौट गर्दा ग्रामीण ईलाका, भौगोलिक विकटता, पछाडि परेको क्षेत्र र समुदाय, विपद प्रभावित क्षेत्र र विपन्न समुदायलाई प्राथमिकता दिनुपर्नेछ ।

(४) उपदफा (१) वमोजिम प्रवाह हुने ऋण लगानी तथा सोको सावाँ र ब्याजको विवरण अद्यावधिक रुपले राख्नुपर्नेछ ।

## परिच्छेद-७

## <u>कार्यकारी निर्देशक तथा कर्मचारी सम्बन्धी व्यवस्था</u>

२०. <u>कार्यकारी निर्देशक सम्बन्धी व्यवस्था</u> : (१) नेपाल सरकारले केन्द्रको प्रशासकीय प्रमुखको रुपमा कार्य गर्न एकजना कार्यकारी निर्देशक नियुक्त गर्नेछ ।

(२) कार्यकारी निर्देशक नियुक्तिको लागि सिफारिस गर्न मन्त्रालयले देहाय बमोजिमको एक सिफारिस समिति गठन गर्नेछः-

| | |
|---|---|
| (क) मन्त्रालयको सचिव | संयोजक |
| (ख) मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि हासिल गरेको र नवीकरणीय ऊर्जाको क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष काम गरेका व्यक्ति मध्येबाट मन्त्रालयले तोकेको एकजना | सदस्य |
| (ग) मन्त्रालयको सहसचिव | सदस्य-सचिव |

(३) उपदफा (२) बमोजिमको सिफारिस समितिले मान्यता प्राप्त विश्वविद्यालयबाट इञ्जिनियरिङ्ग वा ऊर्जा वा विज्ञान वा व्यवस्थापन वा अर्थशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेका, नवीकरणीय ऊर्जाको क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष काम गरेका र साठी वर्ष उमेर ननाघेका व्यक्तिहरु मध्येबाट खुल्ला प्रतिस्पर्धाद्वारा तीन जनाको नाम छनौट गरी कार्यकारी निर्देशकको रुपमा नियुक्त गर्न नेपाल सरकार समक्ष सिफारिस गर्नेछ।

(४) उपदफा (३) बमोजिम सिफारिस गर्दा उम्मेदवारको योग्यता, नवीकरणीय ऊर्जा क्षेत्रको कार्यानुभव, नेतृत्व क्षमता, भावी कार्ययोजना, प्रस्तुतीकरण र अन्तर्वार्ताको आधार लिनुपर्नेछ । सिफारिस सम्बन्धी अन्य व्यवस्था सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(५) उपदफा (३) बमोजिम सिफारिस गरिएका व्यक्तिहरु मध्येबाट नेपाल सरकारले कार्यकारी निर्देशकको पदमा नियुक्त गर्नेछ ।

(६) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा नेपाल सरकारले कार्यकारी निर्देशकलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछः-

(क) दफा २३ बमोजिम भएको कार्यसम्पादन सम्झौता बमोजिम सन्तोषजनक कार्य गर्न नसकेमा,

(ख) गम्भिर किसिमको फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहर भएमा,

(ग) बदनियतपूर्ण कार्य गरेमा,

(घ) पद अनुसारको आचरण नगरेमा ।

(८) उपदफा (७) बमोजिम कार्यकारी निर्देशकलाई पदबाट हटाउनु अघि मन्त्रालयको सचिवको संयोजकत्वमा कम्तीमा तीन जना सम्मिलित एक छानबिन समिति गठन गर्न सक्नेछ ।

(९) उपदफा (८) बमोजिम गठित छानबिन समितिले तीस दिन भित्र मन्त्रालय समक्ष प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(१०) उपदफा (९) बमोजिमको छानबिन समिति गठन भएपछि कार्यकारी निर्देशकले आफ्नो पदीय जिम्मेवारी बहन गर्न पाउने छैन ।

(११) कार्यकारी निर्देशकलाई आफ्नो पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्न मनासिब माफिकको समय दिनुपर्नेछ ।

(१२) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२१. <u>अयोग्यता</u> : (१) देहायको व्यक्ति कार्यकारी निर्देशक पदमा नियुक्ति हुन वा बहाल रहन योग्य मानिने छैन :

(क) गैर नेपाली नागरिक,

(ख) विदेशी मुलुकको स्थायी आवासीय अनुमति लिएको,

(ग) भ्रष्टाचार, जवरजस्ती करणी, मानव वेचविखन तथा ओसारपसार, लागुऔषध कारोवार, सम्पत्ति शुद्धिकरण, राहदानी दुरुपयोग, अपहरण, संगठित अपराध सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाएको,

(घ) प्रचलित कानून बमोजिम कालोसूचीमा परेको वा त्यस्तो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा पाँच बर्ष पूरा नभएको,

(ङ) ऋण तिर्न नसकी दामासाहीमा परेको,

(च) कुनै राजनीतिक दलको सदस्य वा पदाधिकारी रहेकोमा सो दलबाट अलग भएको एक वर्ष पूरा नभएको ।

(२) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व रहेको संगठित संस्थाको बहालवाला कर्मचारी कार्यकारी निर्देशकमा नियुक्त भएमा साविकको पदबाट राजिनामा दिनुपर्नेछ।

२२. <u>कायममुकायम र निमित्त सम्बन्धी व्यवस्था</u> : (१) कार्यकारी निर्देशकको पद कुनै कारणले रिक्त हुन आएमा वा निज पन्ध्र दिन भन्दा बढी समयसम्म बिदामा बसेमा वा प्रचलित कानून बमोजिम कारवाहीमा परेमा सो पदमा तत्काल काम चलाउनको लागि समितिको अध्यक्षले केन्द्रमा कार्यरत

कर्मचारीमध्ये सबैभन्दा वरिष्ठ कर्मचारीलाई बढीमा छ महिनाको लागि कायम मुकायम मुकरर गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कुनै कर्मचारी कायम मुकायम भई काम गरेमा त्यसरी काम गरेकै पदको तलब भत्ता र सुविधा पाउने छ। तर काजमा खटाइएको कर्मचारीलाई कायम मुकायम मुकरर गरिने छैन ।

(३) कार्यकारी निर्देशक बिदामा बस्दा वा अन्य कुनै तरिकाले कार्यालयमा अनुपस्थित रहेमा केन्द्रमा कार्यरत कर्मचारी मध्ये सबैभन्दा वरिष्ठ कर्मचारीले निमित्त भई कार्यालयको दैनिक कार्य संचालन गर्नेछ ।

(४) उपदफा (३) बमोजिम कुनै कर्मचारी निमित्त कार्यकारी निर्देशक भई नियमित रुपमा पन्ध्र दिनभन्दा बढी काम गरेमा कार्यकारी निर्देशक पदको तलब भत्ता र सुविधा पाउने छ ।

२३. <u>कार्यसम्पादन सम्झौता गर्नुपर्ने</u> : (१) यस ऐन बमोजिम नियुक्त हुने कार्यकारी निर्देशकले मन्त्रालयको सचिवसँग कार्यसम्पादन सम्झौता गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यसम्पादन सम्झौतामा कार्यकारी निर्देशकले सम्पादन गर्नुपर्ने काम, सोको कार्ययोजना तथा सम्पादन हुने कामको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी सूचक समेत उल्लेख गर्नुपर्नेछ ।

(३) कार्यसम्पादन सम्झौता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२४. <u>कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार</u> : कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको निर्णयहरु कार्यान्वयन गर्ने, गराउने,

(ख) केन्द्रको वार्षिक कार्यक्रम, योजना तथा बजेट र आय व्ययको विवरण तयार गरी समिति समक्ष स्वीकृतिका लागि पेश गर्ने,

(ग) खण्ड (ख) बमोजिम स्वीकृत बजेट, कार्यक्रम तथा योजना कार्यान्वयन गर्ने गराउने,

(घ) केन्द्रको आर्थिक तथा प्राविधिक सहयोगमा सञ्चालित आयोजना तथा कार्यक्रमको अनुगमन तथा निरीक्षण गरी समिति समक्ष प्रगति विवरण पेश गर्ने,

(ङ) केन्द्रवाट भए गरेका कामहरूको प्रगति विवरण आवधिक रुपमा सञ्चालक समिति समक्ष पेश गर्ने,

(च) कोषको लागि रकम जुटाउन आवश्यक पहल गर्ने,

(छ) विकास साझेदार तथा अन्य संघ संस्थासँग आवश्यक समन्वय गर्ने,

(ज) केन्द्रको दैनिक आर्थिक तथा प्रशासन संचालन तथा व्यवस्थापन गर्ने एवं मातहत कर्मचारीको रेखदेख, नियन्त्रण, निर्देशन, अनुगमन र सुपरीवेक्षण गर्ने,

(झ) केन्द्रको आर्थिक कारोबार सम्बन्धमा कुनै व्यक्ति फर्म वा कम्पनीसँग खरिद तथा ठेक्कापट्टा सम्बन्धी सम्झौता गर्ने,

(ञ) तोकिए बमोजिमका अन्य कार्यहरु ।

२५. <u>कर्मचारी सम्बन्धी व्यवस्था</u> : (१) केन्द्रको काम प्रभावकारी रुपले संचालन गर्नका लागि केन्द्रमा आवश्यक संख्यामा कर्मचारीहरु रहनेछन् ।

(२) कर्मचारीहरुको नियुक्ति, पारिश्रमिक तथा सेवाका शर्त सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) केन्द्रले आवश्यकता, औचित्यता र स्रोतको उपलब्धताको आधारमा अवधि तोकी विज्ञ सेवा करारमा लिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम करारमा लिइएका विज्ञको सेवाको शर्त, पारिश्रमिक र अन्य व्यवस्था करारमा उल्लेख भए बमोजिम हुनेछ ।

## परिच्छेद-८

## कोष, लेखा तथा लेखापरीक्षण

२६. <u>कोष</u> : (१) केन्द्रमा नवीकरणीय ऊर्जा कोष नामको एउटा कोष रहनेछ र सो कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) स्वदेशी व्यक्ति, संघ वा संस्थाबाट प्राप्त रकम,

(ग) विदेशी व्यक्ति, सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त अनुदान वा ऋण रकम,

(घ) यो ऐन वा यो ऐन अन्तर्गत बनेको नियम बमोजिम सेवा उपलब्ध गराए वापतको रकम,

(ङ) कार्बन व्यापार तथा जलवायु परिवर्तन सम्बन्धी आयोजना/कार्यक्रम सञ्चालन वापत केन्द्रलाई प्राप्त रकम,

(च) ऋण लगानीको सावाँ र सोको ब्याज भूक्तानीबाट प्राप्त रकम,

(छ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) को (ख) र (ग) बमोजिम कुनै रकम प्राप्त गर्नु अघि केन्द्रले नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्नेछ ।

(३) केन्द्रको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकमबाट व्यहोरिनेछ ।

(४) उपदफा (१) बमोजिमको रकम केन्द्रले तोकेको नेपालभित्रको "क" वर्गको वाणिज्य बैङ्क वा वित्तीय संस्थामा केन्द्रको नाममा खाता खोली जम्मा गरिनेछ।

(५) उपदफा (१) बमोजिमको कोषको रकमको सञ्चालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ।

(६) वैकल्पिक ऊर्जा विकास समिति (गठन) आदेश, २०५३ अन्तर्गत सञ्चालित केन्द्रीय नवीकरणीय ऊर्जा कोष स्वतः यो ऐन अन्तर्गतको कोषमा परिणत हुनेछ ।

२७. <u>कोषको रकमको प्रयोग</u> : (१) दफा २६ बमोजिमको कोषको रकम देहायको कार्यमा प्रयोग हुनेछः-

(क) दफा १५, १६, १७ र १९ बमोजिमको कार्यक्रम र आयोजनाको विकास र सञ्चालन गर्न,

(ख) नवीकरणीय ऊर्जासँग सम्बन्धित नविन प्रविधि एवं उपकरणको विकास र सो को अध्ययन अनुसन्धान गर्न,

(ग) केन्द्रको प्रशासनिक र व्यवस्थापकीय कार्य गर्न,

(घ) यस ऐनको उद्देश्य प्राप्तिको लागि सञ्चालक समितिले निर्धारण गरेको अन्य कार्य गर्न,

(ङ) केन्द्रमा उपलब्ध हुने विभिन्न स्रोत, कामको प्रकृति तथा उद्देश्य अनुसारका छुट्टाछुट्टै खाताहरु संचालन हुन सक्नेछन ।

(२) उपदफा (१) बमोजिमको कार्यको लागि कोषको रकम उपलब्ध गराउने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) कोषको रकम यस दफामा उल्लेखित कार्य बाहेक अन्य प्रयोजनको लागि प्रयोग गर्न पाइने छैन ।

२८. <u>केन्द्रको लेखा</u> : (१) केन्द्रले नेपाल लेखामान अनुसारको लेखा प्रणाली अनुरुप अनुदान ऋण लगायतका सबै कारोबार र वित्तीय अवस्था देखिने गरी आय व्ययको वित्तीय विवरण तथा प्रतिवेदनहरु राख्नुपर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल लेखामानमा समावेश नभएका क्षेत्रहरुमा अन्तर्राष्ट्रिय मापदण्ड आधारको रुपमा लिनु पर्नेछ ।

(३) उपदफा (१) मा उल्लिखित विवरणका अतिरिक्त दफा २९ बमोजिमको अनुपालन उपसमितिले निर्धारण गरे बमोजिमको ढाँचामा अन्य विवरणहरु राख्नुपर्नेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम राखिने वित्तिय विवरणमा केन्द्रको काम कारवाहीको वास्तविक स्थितिको जानकारी हुनेगरी केन्द्रको आम्दानी, आर्थिक कारोबार, अनुदान र ऋणको वास्तविक स्थिति तथा दायित्वको विवरण आवधिक रुपमा स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

(५) केन्द्रबाट हुने सबै खर्चहरु स्वीकृत वार्षिक कार्यक्रम र बजेटको अधीनमा रही गर्नुपर्नेछ।

(६) केन्द्रले प्रत्येक आर्थिक वर्षमा आफ्नो वासलात र आय व्ययको विवरण तयार गरी कार्यकारी निर्देशक तथा लेखा प्रमुखले प्रमाणित गरी प्रकाशन गर्नुपर्नेछ ।

(७) केन्द्रले आफ्नो वासलात आय व्यय हिसाब र सो सँग सम्बन्धित विवरण समेत खुलाई आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र वार्षिक प्रतिवेदन तयार गरी मन्त्रालय समक्ष पेश गर्नुपर्नेछ ।

२९. <u>अनुपालन उपसमिति</u> : (१) समितिले तोकेको सदस्यको संयोजकत्वमा केन्द्रमा तोकिए बमोजिमको एक अनुपालन उपसमिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको अनुपालन उपसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) केन्द्रको लेखा, बजेट तथा लेखापरीक्षण कार्यविधि र नियन्त्रण व्यवस्थाका सम्बन्धमा आफ्नो प्रतिवेदन तथा सुझाव समिति समक्ष पेश गर्ने,

(ख) केन्द्रको आवधिक वासलात वित्तीय विवरण तथा अन्य कागजातको लेखापरीक्षण र त्यस्ता कागजात ठीकसँग तयार भए नभएको बारे यकिन गर्ने,

(ग) केन्द्रले अपनाएको जोखिम व्यवस्थापन योजना कार्यान्वयन तथा सो को सुपरीवेक्षण गर्ने,

(घ) केन्द्रमा लागू भएको प्रचलित कानून पूर्णरुपमा पालना भएको छ भनी विश्वस्त हुन केन्द्रको प्रशासन तथा व्यवस्थापन पक्षको कार्यसम्पादन लेखापरीक्षण गर्ने,

(ङ) प्रचलित कानून तथा अन्तर्राष्ट्रिय लेखा मापदण्ड अनुरुप केन्द्रको आर्थिक प्रशासन तथा अनुपालन कार्यको लागि आवश्यक निर्देशिका वा मापदण्ड तयार गरी सञ्चालक समिति समक्ष पेश गर्ने ।

३०. **केन्द्रको लेखापरीक्षण**: (१) प्रत्येक आर्थिक वर्षको अन्त्यमा केन्द्रको लेखापरीक्षण महालेखापरीक्षक वा निजले तोकेको लेखापरीक्षकबाट हुनेछ ।

(२) नेपाल सरकारले चाहेमा जुनसकै बखत केन्द्रको हिसाब किताब जाँच्न वा परीक्षण गर्न वा गराउन सक्नेछ।

## परिच्छेद-९

## विद्युत खरीद बिक्री, नेट मिटरिङ्ग तथा महसुल

३१. **विद्युत खरिद बिक्री** : (१) राष्ट्रिय प्रसारण प्रणालीबाट अलग्गै सञ्चालित जलविद्युत आयोजना वा क्याप्टिभ प्लान्ट वा मिनीग्रिड वा अफ ग्रिड प्रणालीबाट बिक्री वितरण भएको विद्युत बचत हुने भएमा वा सो क्षेत्रमा राष्ट्रिय प्रसारण प्रणाली मार्फत विद्युत वितरण हुने भएमा त्यस्तो विद्युत प्रचलित कानून बमोजिम अन्य व्यक्ति वा संस्थालाई बिक्री गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम विद्युत बिक्री गर्ने भएमा विद्युत वितरण वा व्यापारको लागि प्रचलित कानून बमोजिम अनुमतिपत्र प्राप्त संस्थाले त्यस्तो विद्युत खरिद गरिदिनु पर्नेछ ।

(३) यस दफा बमोजिम विद्युत खरिद बिक्री गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३२. **नेट मिटरिङ्ग**: (१) राष्ट्रिय प्रशारण प्रणाली पुगेको क्षेत्रमा क्याप्टिभ सौर्य प्रणाली, लघु तथा साना जलविद्युत आयोजना लगायतका अन्य नवीकरणीय ऊर्जाको स्रोतबाट उत्पादित विद्युत नेट मिटरिङ्ग विधिको माध्यमबाट वितरण वा व्यापार अनुमतिपत्र प्राप्त संस्थालाई बिक्री गर्न सकिनेछ ।

(२) नेट मिटरिङ्ग विधिबाट विद्युत खरिद बिक्री गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३३. **ऊर्जा महसुल** : (१) नवीकरणीय ऊर्जा केन्द्रको सहयोगमा सञ्चालित ऊर्जा प्रणालीबाट ग्राहकलाई वितरण गरिएको ऊर्जाको महसुल निर्धारण आयोजनाको प्रवर्धकले आयोजना दिगो रुपमा सञ्चालन हुने सुनिश्चित गरी निर्धारण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम महशुल निर्धारण गर्दा आयोजनाको लागतको संरचना, सञ्चालन, व्यवस्थापन र मर्मत संभार लगायतको खर्च आधारमा आयोजनाको दिगोपन कायम हुने गरी स्थानीय तहको सहमतिमा गर्नुपर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि राष्ट्रिय विद्युत प्रशारण प्रणालीमा आबद्ध हुने ऊर्जाको हकमा प्रचलित कानून बमोजिम महशुल निर्धारण हुनेछ ।

## परिच्छेद- १०

## दण्ड, जरिवाना तथा पुनरावेदन सम्बन्धी व्यवस्थाः

**३४. कसूर गरेको मानिनेः** कसैले देहायको कुनै काम गरे वा गराएमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछः-

(क) दफा ९ बमोजिम केन्द्रको सहयोगमा सञ्चालन हुने आयोजनामा राष्ट्रिय प्रयोगशालाबाट नवीकरणीय ऊर्जा प्रविधि तथा उपकरणहरुको गुणस्तर मापन नगराई उत्पादन, आपूर्ति र जडान गरेमा,

(ख) दफा १० बमोजिम इजाजत पत्र नलिई नवीकरणीय ऊर्जा प्रविधि सम्बन्धी कारोबार गरेमा,

(ग) यस ऐन बमोजिम केन्द्र मार्फत प्रवाह हुने अनुदान, ऋण तथा अन्य आर्थिक सहायताको दुरुपयोग गरेमा,

(घ) खण्ड (क), (ख), र (ग) मा लेखिए देखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड र कार्यविधि विपरीतको कुनै कार्य गरेमा ।

**३५. सजायः** (१) कसैले दफा ३४ बमोजिमको कसूर गरे वा गराएमा समितिले कसूरको मात्रा हेरी देहाय बमोजिम सजाय गर्नेछः

(क) दफा ३४ को खण्ड (क) र (ख) बमोजिमको कसूर गरेमा पाँच लाख रुपैयाँसम्म जरिवाना,

(ख) दफा ३४ को खण्ड (घ) बमोजिमको कसूर गरेमा एकलाख रुपैयाँसम्म जरिवाना।

(२) कसैले खण्ड (ग) बमोजिमको कसूर गरेकोमा त्यस्तो संस्थाले केन्द्रसँग कुनै सम्झौता गरेको रहेछ भने सोही सम्झौतामा उल्लेख भए बमोजिम र सम्झौता नभएमा वा सम्झौतामा केही उल्लेख नभएकोमा कसूर बमोजिमको बिगो भराई सय प्रतिशतसम्म जरिवाना गर्न सक्नेछ ।

(३) कसैले दफा ३४ को खण्ड (ख) बमोजिमको कसूर गरेकोमा उपदफा (१) बमोजिम सजाय गरी त्यसरी सञ्चालन गरेको व्यवसाय बन्द गर्न वा प्रचलित कानून बमोजिम बन्द गराउन सम्बन्धित निकाय समक्ष सिफारिस गर्न सक्नेछ।

(४) कसैले दफा ३४ को खण्ड (क) बमोजिमको कसूर गरेकोमा उपदफा (१) बमोजिम सजाय गरी त्यसरी उत्पादन, आपूर्ति वा जडान गरेका उपकरण जफत गर्न सक्नेछ।

(५) दफा ३४ बमोजिमको कसुर गरेकोमा प्रचलित कानूनले छुटै सजायको व्यवस्था गरेको रहेछ भने सो सजाय गर्न समेत वाधा पुर्याएको मानिने छैन ।

**३६.** <u>पुनरावेदनः</u> दफा ३५ बमोजिम चित्त नबुझ्ने व्यक्ति वा संस्थाले सो निर्णयको जानकारी पाएको मितिले पैतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद-११

## <u>विविध</u>

**३७.** <u>अनुगमन तथा निरीक्षण</u> : (१) यस ऐन बमोजिम सञ्चालित नवीकरणीय ऊर्जा सम्बन्धी कार्यक्रम/आयोजनाको केन्द्रले अनुगमन तथा निरीक्षण गर्ने गराउनेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा सम्बन्धित व्यक्ति वा संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि तथा केन्द्रले तोकेको शर्त बमोजिम योजना सञ्चालन भएको नपाइएमा केन्द्रले त्यस्तो व्यक्ति वा संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम केन्द्रले दिएको निर्देशन पालना गर्नु सम्बन्धित व्यक्ति वा संस्थाको कर्तव्य हुनेछ ।

३८. <u>सहयोग गर्नु पर्ने</u> : यस ऐन बमोजिमको गरिने कुनै काम कारवाहीका सम्बन्धमा केन्द्रले कुनै सहयोग माग गरेमा त्यस्तो सहयोग उपलब्ध गराउनु सम्बन्धित निकायको कर्तब्य हुनेछ ।

३९. <u>वार्षिक प्रतिवेदन</u> : (१) केन्द्रले आफुले सम्पादन गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र समिति समक्ष पेश गर्नुपर्नेछ ।

(२) वार्षिक प्रतिवेदन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४०. <u>अधिकार प्रत्यायोजन</u> : (१) सञ्चालक समितिले यो ऐन वा यो ऐन अन्तर्गत बनेको नियम तथा विनियम बमोजिम आफूलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकता अनुसार कुनै अधिकार तोकिएको शर्तको अधीनमा रही प्रयोग र पालना गर्ने गरी समितिको अध्यक्ष, सदस्य, कार्यकारी निर्देशक वा केन्द्रको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) कार्यकारी निर्देशकले उपदफा (१) बमोजिम प्रत्यायोजित अधिकार बाहेकका अन्य आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार केन्द्रको अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

४१. <u>निर्देशन दिनसक्ने</u> : (१) मन्त्रालयले नवीकरणीय ऊर्जा सम्बन्धी कार्यक्रम सञ्चालन गर्न केन्द्रलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिईएको निर्देशनको पालना गर्नु गराउनु केन्द्रको कर्तव्य हुनेछ।

४२. <u>काम कारबाही बदर नहुने</u> : अध्यक्ष, सदस्य वा कार्यकारी निर्देशकको नियुक्ति वा समितिको गठनमा कुनै रीत नपुगेको वा अध्यक्ष, सदस्य वा कार्यकारी निर्देशकको पद रिक्त रहेको कारणले मात्र केन्द्र वा समितिको कुनै काम कारवाही बदर हुने छैन ।

४३. <u>असल नियतले गरेकोमा बचाउ</u> : (१) यो ऐन वा यो ऐन अन्तर्गत बनेको नियम वा निर्देशिका वा मापदण्ड बमोजिम असल नियतले गरेको कुनै काम कारबाहीको सम्बन्धमा अध्यक्ष, सदस्य, कार्यकारी निर्देशक वा केन्द्रको कुनै कर्मचारी व्यक्तिगत वा सामूहिक रुपले जवाफदेही हुनेछैन ।

तर जानाजान वा गलत मनसायबाट गरिएको कुनै कामको सन्दर्भमा भने निज व्यक्तिगत रुपमा जिम्मेवार हुनेछ ।

(२) यो ऐन वा यो ऐन अन्तर्गत बनेको नियम वा कार्यविधि पालना गर्नको निमित्त असल नियतले गरेको वा गर्न खोजेको कुनै कुराले हुन आएको वा हुने हानी नोक्सानीको सम्बन्धमा अध्यक्ष, सदस्य, कार्यकारी निर्देशक वा केन्द्रको कुनै कर्मचारी विरुद्ध कुनै किसिमको मुद्दा परेमा त्यस्तो मुद्दाको खर्च केन्द्रले व्यहोर्नेछ ।

४४. **शपथ ग्रहण** : समितिका मनोनित सदस्य, कार्यकारी निर्देशक तथा केन्द्रका कर्मचारीले आफ्नो पदीय जिम्मेवारी सम्हाल्नुअघि तोकिए बमोजिम पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुपर्नेछ ।

४५. **सहमति लिनुपर्ने** : यस ऐनको कार्यान्वयन गर्दा नेपाल सरकारलाई आर्थिक दायित्व पर्ने विषयमा केन्द्रले अर्थ मन्त्रालयको सहमति लिनुपर्नेछ ।

४६. **नेपाल सरकारसँग सम्पर्क** : केन्द्रले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नुपर्नेछ।

४७. **बाधा अड्काउ फुकाउने अधिकार** : यस ऐनको कार्यावन्यन गर्दा कुनै बाधा अड्काउ परेमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

४८. **समितिको विघटन गर्न सक्ने** : (१) यस ऐन बमोजिम काम कारबाही सम्पादन गर्न असमर्थ भएमा नेपाल सरकारले समितिको विघटन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम केन्द्रको विघटन भएमा केन्द्रको सम्पत्ति तथा दायित्त्वको जिम्मेवारी नेपाल सरकारको हुनेछ ।

४९. **केन्द्रमा स्वतः परिणत हुने** : वैकल्पिक ऊर्जा विकास समिति (गठन) आदेश, २०५३ बमोजिम स्थापना भएको वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र यो ऐन प्रारम्भ भएपछि स्वतः केन्द्रमा परिणत हुनेछ।

५०. **नियम बनाउने अधिकार** : (१) यस ऐनको कार्यान्वयनका लागि नेपाल सरकारले आवश्यक नियम बनाई बनाउन गर्न सक्नेछ ।

५१. <u>विनियम बनाउने अधिकार</u> : (१) समितिले आफ्नो कार्य सञ्चालनका लागि यो ऐन र यस ऐनको अधिनमा रही देहाएका बिषयमा विनियम बनाई लागू गर्न सक्नेछः

(क) कर्मचारीको नियुक्ति, काम, कर्तब्य, अधिकार, योग्यता, सेवा तथा सुविधाको शर्त सम्बन्धमा,

(ख) आर्थिक प्रशासन सम्बन्धमा,

(ग) केन्द्रको आन्तरिक कार्य सञ्चालन सम्बन्धमा,

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि केन्द्रको नयाँ विनियमावली नबनेसम्म वैकल्पिक ऊर्जा विकास समितिको कर्मचारी सेवाशर्त नियमावली बमोजिम हुनेछ ।

५२. <u>निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउने अधिकार</u> : यो ऐन र यो ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही केन्द्रले आवश्यक निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

५३. <u>खारेजी र बचाउ</u> : (१) वैकल्पिक ऊर्जा विकास समिति (गठन) आदेश, २०५३ खारेज गरिएकोछ।

(२) उपदफा (१) बमोजिम भए गरेका कामकारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

(३) उपदफा (१) मा उल्लेख भए बमोजिमको वैकल्पिक ऊर्जा विकास समितिको चल अचल सम्पति लगायतको जायजेथा, दायित्व र कार्यरत कर्मचारी स्वतः केन्द्रमा परिणत भएको मानिनेछ।

(४) यो ऐन प्रारम्भ हुँदाका बखत उपदफा (१) बमोजिमको वैकल्पिक ऊर्जा विकास समितिमा कार्यरत कार्यकारी निर्देशक निजको बाँकी पदावधिसम्म केन्द्रको कार्यकारी निर्देशकको रुपमा बहाल रहनेछ।

## अनुसूची

(दफा ३८ सँग सम्बन्धित)

<u>सपथ</u>

म.................................................. ईश्वरलाई साक्षी राखी/सत्य निष्ठापूर्वक सपथ लिन्छु कि नवीकरणीय ऊर्जा केन्द्रको ........................ पदको जिम्मेवारी र कर्तव्य कसैको डर, त्रास, मोलाहिजा, पक्षपात, द्वेष वा लोभमा नपरी, स्वार्थ बाझिने बिषयमा सहभागी नभई इमान्दारीताका साथ पालना गर्नेछु । आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी हुन आएको गोप्य कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक आफू पदमा बहाल रहे वा नरहे पनि कुनै अवस्थामा प्रकट गर्ने छैन ।

मितिः.............................................................. हस्ताक्षरः..........................................

नाम : ..........................................

पद : ..........................................